# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (आठौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६।०२।२४ गते, साँफ ५.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा साँझको ५ बजेर ३६ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुख

माननीय सदस्यहरु, अब यो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरद्वारा प्रदेश सभा गण्डकी
प्रदेशको चौथो अधिवेशनलाई २०७६ साल जेठ २४ गतेका दिन आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको सम्वोधनको लागि माननीय प्रदेश प्रमुखलाई धन्यवाद प्रदान गरियोस् भनी सभा समक्ष धन्यवादको प्रस्ताव प्रस्तुत गर्दछु ।

### माननीय सभामुख

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नु होला र यसको विपक्षीमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीयहरुले “हुन्छ” भन्नुहोस् ।

“हुन्छ”

यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ उक्त धन्यवाद प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्दछु ।

माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरद्वारा प्रदेश सभा गण्डकी प्रदेशको चौथो अधिवेशनलाई २०७६ जेठ २४ गतेका दिन गर्नु भएको सम्वोधनको लागि प्रदेश सभा गण्डकी प्रदेशको यो बैठक माननीय प्रदेश प्रमुख महोदयमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको प्रति प्रदेश सभा समक्ष टेबुल गर्न आग्रह गर्दछु ।

**माननीय मुख्य मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ**

माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ को धारा ११६ को उपधारा २ तथा गण्डकी प्रदेश सभा नियमावली २०७४ को नियम ३५ बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरले मिति २०७६ साल जेठ २४ गते यस प्रदेश सभामा प्रस्तुत गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रमको प्रति प्रदेश सभा नियमावलीको नियम ३६ को उपनियम (१) बमोजिम सम्मानित सदन समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

**माननीय सभामुख**

माननीय प्रदेश प्रमुखबाट प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा संशोधनको प्रस्ताव पेश गर्नको लागि मिति २०७६ जेठ २६ गते दिनको १:०० बजे सम्मको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरु अब यो बैठक २०७६ साल जेठ २६ गते दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।